# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी. प्रदेश, नेपाल

**मिति २०८१ / ०६ /०३**

## संविधान दिवसको शुभकामना

आज संविधान दिवस तथा राष्ट्रिय दिवस ! यस शुभ दिनको अवसरमा सर्वप्रथम संविधान निर्माण तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको लागि विभिन्न काल खण्डमा हुँदै आएका गौरवपूर्ण आन्दोलनहरु महान जनयुद्ध, जनआन्दोलन ,मधेश आन्दोलन लगायतका न्यायपूर्ण आन्दोलनहरुमा अमूल्य योग्दान गर्नुहुने ईतिहास निर्माता आदरणीय नेपाली नागरिकहरु प्रति हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछु। यस सन्दर्भमा यी तमाम आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने अमर शहिदरुप्रति उच्च सम्मान, श्रद्दा सहित हार्दिक श्रद्धान्ञ्ली ब्यक्त गर्दछु।

नेपाली जनताले गरेको करिब सात दशक लामो अनवरत संघर्षबाट प्राप्त संविधानले नवौं वर्ष पूरा गरेको छ। संघीयता, लोकतान्त्रिक गणतन्त्र, सामाजिक समावेशिता, सामाजिक न्याय र नागरिकको मौलिक हक अधिकारलाई व्यबस्था गर्न बनेको संविधान प्रति हामी सार्वभौम नागरिकहरुको लागि यो दिन गौरवपूर्ण दिन हो। नागरिकलाई प्रजाको स्तर देखि माथि उठ्न नदिने सत्ताच्युत भएका एकतन्त्रिय र निरंकुश शासक र तिनका प्रतिमागी प्रतिनिधिहरुले यो दिनलाई कालो दिन भनेर सरापी रहेका छन्। जसले संविधानलाई अपमान गरि रहेका छन, तोडमरोड र च्यातचुत पारेर संघीयतालाई अफापसिद्ध गर्ने दुस्वपन र दुश्प्रयास गर्दै छन्। ठिक यहिं नेर हामीले संविधान दिवस मनाउनुको अर्थ संविधानको रक्षा, त्यसको कार्यन्वयन र परिपालना हो। संघीयताले दिएका लाभहरुको उचित वितरण र उपयोग गर्दै संघीयतालाई अझ सुदृढिकरण गर्नु हो। बलियो र लोकप्रिय सुशासन कायमं गर्दै तथा प्रभावकारी सेवा प्रवाह गर्दै सिंगो देशको सम्रग विकास प्रक्रिया, विकासका पूर्वाधारहरु र आर्थिक समृद्धीको नीतिमा योगदान दिनु हो। समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पनालाई साकार रुप दिन यस संविधान दिवसले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। तसर्थ संविधानले निर्दिशत गरेको र परिभाषित गरेको समाजवाद निर्माणको लक्ष्यलाई पुरा गर्न हामी सबैले आ - आफनो स्थानबाट जिम्मेवारी पुरा गरौं ।

पुनश्च २०८१को संविधान दिवसको हार्दिक शुभकामना छ। ।

होम प्रकाश श्रेष्ठ
अध्यक्ष
भूमे गाउँपालिका, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | फोन नं. +९७७-९७४८१५०७५७, ९७४८१५४४१४
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np